वर्ष ५ अङ्क २ २०८२ मङ्सिर (October-November 2025)

नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन

# बीमा समाचार

## अध्यक्ष शर्माबाट पदभार ग्रहण

### बीमाप्रतिको विश्वास अभिवृद्धि हुने गरी अगाडि बढ्नु आवश्यक छ : अध्यक्ष शर्मा



नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले यही २०८२ साल असोज १० गतेदेखि प्राधिकरणमा अध्यक्षको कार्यभार सम्हाल्नुभएको छ ।

यसअघि, सोही दिन माननीय अर्थमन्त्री रामेश्वरप्रसाद खनालले अध्यक्ष शर्मालाई पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल असोज ९ गतेको बैठकले अर्को व्यवस्था नभएसम्मका लागि नेपाल बीमा प्राधिकरणको अध्यक्ष भई कामकाज गर्न अध्यक्ष शर्मालाई जिम्मेवारी दिएको हो ।

अध्यक्ष शर्मा हाल अर्थ मन्त्रालय अन्तर्गत कार्यरत हुनुहुन्छ ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले कार्यभार सम्हाल्नुहुँदै हालको कठिन अवस्थामा बीमा सेवालाई थप गुणस्तरीय र विश्वसनीय बनाउँदै बीमा दाबी भुक्तानीलाई छिटोछरितो र प्रभावकारी तुल्याउनु आवश्यक रहेको बताउनुभयो ।

अध्यक्ष शर्माले भन्नुभयो, "हालैको नयाँ पुस्ताको आन्दोलनको भावना र बदलिँदो परिवेशमा सरकारले लिएका नीति तथा कार्यक्रम अनुसार समग्र बीमा क्षेत्र सेवाको गुणस्तर बढाउँदै आम नागरिकमा बीमाप्रतिको विश्वास अभिवृद्धि हुने गरी अगाडि बढ्नु आवश्यक छ, बीमा कम्पनीहरू प्रचलित कानून बमोजिम अघि बढ्नुपर्छ र प्राधिकरणले पनि नियमनलाई थप प्रभावकारी बनाउनुपर्छ ।"

अध्यक्ष शर्माले भन्नुभयो, "बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी प्रक्रियालाई झन्झटरहित बनाएर समयमैं दाबी भुक्तानी दिनुपर्छ, यसो भएमा बीमाप्रतिको विश्वास बढ्छ र बीमाको दायरा बढ्दै जान्छ, बीमाको दायरा बढ्दै गएपछि लागत पनि कम हुँदै जान्छ ।"

अध्यक्ष शर्माले सही नियतका साथ गुणस्तरीय र शीघ्र कार्यसम्पादन गर्न प्राधिकरणका कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

अध्यक्ष शर्मा प्राधिकरणमा आउनुहुँदा उहाँलाई प्राधिकरणका निर्देशकहरू लगायत कर्मचारीहरूले स्वागत गर्नुभएको थियो ।

संरक्षक
श्री जनक राज शर्मा, अध्यक्ष

सल्लाहकार एवम् संयोजक
श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक

सम्पादन समूह
श्री पुजन ढुङ्गेल (अधिकारी), निर्देशक
श्री कुन्दन सापकोटा, निर्देशक
श्री पुष्पा कुँवर, उपनिर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोनः ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

## अध्यक्ष शर्माद्वारा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको संचालक समितिका अध्यक्ष निर्मल ढकाललाई शपथ ग्रहण

नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले राष्ट्रिय बीमा कम्पनी लिमिटेडको संचालक समितिका अध्यक्ष निर्मल ढकाललाई यही २०८२ साल कात्तिक १७ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

नेपाल सरकारको मिति २०८२ साल कात्तिक १४ गतेको निर्णय अनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका उपमहानिर्देशक रहनुभएका उहाँलाई राष्ट्रिय बीमा कम्पनी लिमिटेडको अध्यक्ष तोकिएको हो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका निर्देशक कुन्दन सापकोटा र राष्ट्रिय बीमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत डा. शिवहरि श्रेष्ठ लगायत पदाधिकारीहरू उपस्थित हुनुहुन्थ्यो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा राष्ट्रिय बीमा कम्पनी लिमिटेडका अध्यक्ष निर्मल ढकाललाई शपथ गराउनुहुँदै ।

## अध्यक्ष शर्माद्वारा राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको संचालक समितिका नवनियुक्त अध्यक्ष रमेश अर्याल शपथ ग्रहण

नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको संचालक समितिका नवनियुक्त अध्यक्ष रमेश अर्याललाई यही २०८२ साल मङ्सीर ५ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

कम्पनीको संचालक समितिको मिति २०८२ साल मंसीर ५ गतेको बैठकले कम्पनीका संचालक र आन्तरिक राजस्व विभागका उपमहानिर्देशक रहनुभएका उहाँलाई संचालक समितिको अध्यक्ष पदमा नियुक्त गरेको हो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुंगेल अधिकारी र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुन्दर पन्थी लगायत पदाधिकारीहरू उपस्थित हुनुहुन्थ्यो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको संचालक समितिका नवनियुक्त अध्यक्ष रमेश अर्याललाई शपथ गराउनुहुँदै ।

## अध्यक्ष शर्माद्वारा प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडका संचालक समितिका नवनियुक्त अध्यक्ष दिनेश सरियालाई शपथ ग्रहण

नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडका संचालक समितिका नवनियुक्त अध्यक्ष दिनेश सरियालाई यही २०८२ साल मङ्सीर ११ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी तथा निर्देशक शाम्भ राज लामिछाने र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडका पदाधिकारीहरू उपस्थित हुनुहुन्थ्यो ।

# नेपाल बीमा प्राधिकरण र त्रि.वि. तथ्याङ्कशास्त्र केन्द्रीय विभागबीच समझदारी

### बीमा सम्बन्धी अनुसन्धानलाई अगाडि बढाउन र बीमा सम्बन्धी तथ्याङ्क प्राप्त गर्न समझदारीबाट सहयोग पुग्नेछ : अध्यक्ष शर्मा



नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा र त्रि.वि. तथ्याङ्कशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रभात उप्रेती समझदारीपत्र आदान-प्रदान गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरण र त्रिभुवन विश्वविद्यालय, तथ्याङ्कशास्त्र केन्द्रीय विभागबीच बीमा सम्बन्धी अनुसन्धान र ज्ञान आदान-प्रदान सम्बन्धी संयन्त्रण निर्माण गर्ने सम्बन्धी समझदारी भएको छ ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा र त्रिभुवन विश्वविद्यालय, तथ्याङ्कशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रभात उप्रेतीले यही २०८२ साल मङ्सीर ७ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा सो सम्बन्धी सझादारीपत्रमा हस्ताक्षर गर्नुभयो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले बीमा सम्बन्धी अनुसन्धानलाई अगाडि बढाउन र प्राधिकरणका लागि आवश्यक बीमा सम्बन्धी तथ्याङ्क प्राप्त गर्न समझदारीबाट सहयोग पुग्ने बताउनुभयो । अध्यक्ष शर्माले विश्वमा नयाँ नयाँ अनुसन्धान र नविनतम् प्रविधि विकसित हुँदै गरेको सन्दर्भमा द्विपक्षीय सहकार्य आगामी दिनमा अझ प्रभावकारीरूपले व्यापक हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालय, तथ्याङ्कशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रभात उप्रेतीले द्विपक्षीय समझदारीबाट अनुसन्धानकर्ता र विद्यार्थीहरूलाई बीमा सम्बन्धी अनुसन्धान एवम् ज्ञान आदान-प्रदानमा सहयोग पुग्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुंगेल अधिकारीले बीमा सम्बन्धी नयाँ नयाँ विषयमा अनुसन्धान कार्यलाई प्रभावकारी रूपले अगाडि बढाउनका लागि त्रि.वि. तथ्याङ्कशास्त्र केन्द्रीय विभागसँग समझदारी गरिएको जानकारी दिनुभयो ।

समझदारीपत्रमा बीमा क्षेत्रको अवस्था, प्रभावकारिता र चुनौती, बीमा नीति, बीमाको पहुँच, नयाँ बीमालेखको आवश्यकता, दिगो विकासमा बीमा क्षेत्रको योगदान, बीमा सम्बन्धी सरकारी नीति र वित्तीय क्षेत्र लगायतसँग सम्बन्धित अनुसन्धानलाई अगाडि बढाइने उल्लेख छ । यसैगरी, नेपाल बीमा प्राधिकरणले बीमा सम्बन्धी अनुसन्धानका क्षेत्र पहिचान गर्ने, त्रि.वि. तथ्याङ्कशास्त्र केन्द्रीय विभागले प्राधिकरणको प्राथमिकताका आधारमा बीमा सम्बन्धी अनुसन्धानका लागि विज्ञहरू उपलब्ध गराउने, प्राज्ञिक तथा अनुसन्धानका लागि तथ्याङ्कहरू आदान-प्रदान गर्ने र बीमा अनुसन्धान सम्बन्धी विषयमा तालिम संचालन गर्ने लगायतका विषय समझदारीपत्रमा उल्लेख छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी, निर्देशक कुन्दन सापकोटा, निर्देशक शाम्भ राज लामिछाने र निर्देशक निर्मल अधिकारी तथा त्रि.वि. तथ्याङ्कशास्त्र केन्द्रीय विभागका प्रा.डा. श्रीजन लाल श्रेष्ठ र उप-प्राध्यापक अरूण यादव उपस्थित हुनुहुन्थ्यो ।

नेपाल बीमा प्राधिकरण, अनुसन्धान तथा तथ्याङ्क शाखाको पहलमा भएको समझदारीबाट बीमा सम्बन्धी अनुसन्धान कार्यलाई प्रभावकारी रूपले अगाडि बढाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# बीमा सूचना केन्द्र स्थापना तथा संचालन सम्बन्धी छलफल

## बीमासम्बन्धी सूचनाहरूलाई एकीकृत गर्न र गलत क्रियाकलापलाई नियन्त्रण गर्न बीमा सूचना केन्द्र आवश्यक छ : अध्यक्ष शर्मा

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८२ साल कात्तिक २५ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा बीमा सूचना केन्द्र स्थापना तथा संचालन सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको छ ।

बीमा ऐन, २०७९ मा व्यवस्था भए बमोजिम बीमा सूचना केन्द्र स्थापना तथा संचालनका सम्बन्धमा बीमा कम्पनी, लघुबीमा कम्पनी तथा पुनर्बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूसँग छलफल गरी राय सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले बीमा क्षेत्र व्यापक रूपमा विस्तार हुँदै गएको सन्दर्भमा बीमा सम्बन्धी छरिएर रहेका सूचनाहरूलाई एकीकृत गर्न र गलत क्रियाकलापलाई पहिचान गरी नियन्त्रण गर्न बीमा सूचना केन्द्र आवश्यक भएको बताउनुभयो ।

बीमा सूचना केन्द्रको स्थापनाबाट बीमक, बीमित लगायत सबैको हित हुने उल्लेख गर्नुहुँदै अध्यक्ष शर्माले बीमा क्षेत्रलाई बढी सुरक्षित तथा विश्वसनीय बनाउनका लागि सम्बद्ध सबैका सुझावहरू समेतका आधारमा



नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा बीमा सूचना केन्द्र स्थापना तथा संचालन सम्बन्धी छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

कानून बमोजिम बीमा सूचना केन्द्र स्थापनाको कार्य छिट्टै अगाडि बढाउने जानकारी दिनुभयो ।

अध्यक्ष शर्माले बीमा सूचना केन्द्र स्थापना गर्दा केन्द्रको संरचना, मोडालिटि र संचालन आयाम कस्तो हुने भन्ने सम्बन्धमा व्यावहारिक राय सुझावहरू दिन बीमकहरूसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल सरकारका पूर्वमुख्य सचिव डा. बैकुण्ठ अर्यालले विज्ञका रूपमा बीमा सूचना केन्द्र स्थापना, संचालन र व्यवस्थापन सम्बन्धी प्रारम्भिक मस्यौदा प्रस्तुत गर्नुहुँदै बीमा क्षेत्रसँग सम्बन्धित यथार्थ सूचना, जानकारी र विश्लेषण उपलब्ध गराउन बीमा सूचना केन्द्रको स्थापना आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमक संघका अध्यक्ष बीरेन्द्र बैदवार र नेपाल जीवन बीमक संघका अध्यक्ष प्रवीण रमण पराजुलीले बीमा सूचना केन्द्र स्थापनाका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा बीमा सूचना केन्द्र स्थापना गर्न बीमा कम्पनीहरूबीच सहमति समेत भएको छ ।

साथै, छलफलका क्रममा आएका राय सुझावहरू समेटी प्रारम्भिक मस्यौदालाई परिमार्जन गरी बीमा सूचना केन्द्र स्थापना गर्ने कार्यलाई अगाडि बढाउने जानकारी पनि गराइएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशकहरू तथा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघु बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका उपनिर्देशक पुष्पा कुँवरले गर्नुभएको थियो ।



बीमा सूचना केन्द्र स्थापना तथा संचालन सम्बन्धी छलफल कार्यक्रममा सहभागीहरू ।

# आन्दोलनका क्रममा भएका क्षतिको बीमा दाबी भुक्तानी सम्बन्धी छलफल

## यथाशिघ्र बीमा दाबी भुक्तानी दिन बीमकहरूलाई कार्यकारी निर्देशक सुवेदीको निर्देशन

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८२ साल असोज २१ गते केन्द्रीय कार्यालय, कुपण्डोलमा जेन-जी आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बीमा दाबी तथा दाबी भुक्तानीको अवस्था, दाबी भुक्तानीमा आइपरेका समस्या र दाबी भुक्तानीलाई छिटोछरितो तुल्याउन गर्नुपर्ने कार्य लगायतका विषयमा निर्जीवन बीमक, लघु निर्जीवन बीमक र पुनर्बीमकहरूका प्रमुख कार्यकारी अधिकृतहरूसँग छलफल सम्पन्न भएको छ ।



निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीहरूसँग बीमा दाबी भुक्तानी सम्बन्धी छलफल

छलफलमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले जेन-जी आन्दोलनका क्रममा भएका क्षतिको बीमा दाबी भुक्तानीयोग्य भएको र दाबी भुक्तानी गर्ने दायित्व बीमा कम्पनीहरूको हुनेहुँदा दाबी भुक्तानी मार्गदर्शन बमोजिम छिटोभन्दा छिटो दाबी भुक्तानी दिन बीमकहरूलाई निर्देशन दिनुभयो । साथै, उहाँले दाबी भुक्तानीका सम्बन्धमा बीमकहरूलाई कानूनी तथा व्यावहारिक समस्यमा भएमा प्राधिकरणले सहजीकरण गर्ने जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले भन्नुभयो, "बीमकले प्रारम्भिक सर्भे रिपोर्टका आधारमा बीमा दाबी भुक्तानी गर्दै जानुपर्‍यो, बीमितले पैसा पाएको अनुभूति गर्नुपर्‍यो, दाबी भुक्तानी दिएको बारेमा आमरूपमा जानकारी दिनुपर्‍यो, बीमकले बीमितलाई र पुनर्बीमकले बीमकलाई समयमैं एड्भान्स रकम दिनुपर्‍यो ।"

बीमकले प्रवाह गर्ने बीमा दाबी र दाबी भुक्तानी सम्बन्धी तथ्याङ्क सही हुनुपर्ने र गलत तथ्याङ्क दिने बीमकमाथि प्राधिकरण कडाईका साथ प्रस्तुत हुने उल्लेख गर्नुहुँदै कार्यकारी निर्देशक सुवेदीले तरलतालाई उच्च प्राथमिकतामा राखेर बजारमा अविलम्ब तरलता प्रवाह गर्न पुनर्बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

छलफलमा निर्जीवन बीमा कम्पनी र लघु निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले आन्दोलनका क्रममा भएको क्षतिको बीमा दाबी भुक्तानी दिन सक्छौं, भुक्तानी दिन्छौं र यसमा कुनै समस्या छैन भन्नुभयो । साथै, उहाँहरूले साना बीमा दाबीहरूको भुक्तानी गर्दै आएको, ठूला दाबीको हकमा नगद प्रवाह आवश्यक भएकाले पुनर्बीमा कम्पनीहरूले सक्रिय रूपमा सहयोग गर्नुपर्ने र तरलता व्यवस्थापनमा समेत पुनर्बीमले भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्नुहुँदै कम्पनीहरूले क्षतिको प्रतिवेदन तयार गर्न फिल्डमा बीमा सर्भेयरहरू खटाइसकेको र सर्भेयरहरूबाट प्रतिवेदन आउनेक्रम समेत जारी रहेको जानकारी दिनुभयो ।

नेपाल पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले पुनर्बीमा वापतको दाबी रकम भुक्तानी गर्न कम्पनी सक्षम रहेको जानकारी दिनुहुँदै पुनर्बीमा वापतको रकम आवश्यक प्रक्रिया पूरा गरी बीमकहरूलाई यथाशीघ्र उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल अधिकारी, निर्देशक ध्रुब तिमिल्सिना, निर्देशक शाम्भराज लामिछाने तथा निर्देशक निर्मल अधिकारी र निर्जीवन बीमा कम्पनी, लघु निर्जीवन बीमा कम्पनी तथा पुनर्बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

# InsurInnovator Connect Asia, 2025

## नेपालमा बीमा दाबी भुक्तानीलाई सहज बनाउनका लागि सहयोग गर्न अन्तर्राष्ट्रिय पुनर्बीमा निकायहरूसँग कार्यकारी निर्देशक सुवेदीको आग्रह



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नुहुँदै

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले नेपालमा हालै जेन-जी आन्दोलनका क्रममा भएका भौतिक लगायत अन्य सम्पत्तिहरूमा भएको क्षतिको बीमा दाबी भुक्तानीलाई सहज बनाउनका लागि सहयोग गर्न अन्तर्राष्ट्रिय पुनर्बीमा निकायहरूसँग आग्रह गर्नुभएको छ । सिंगापुरमा यही २०८२ साल असोज ८ र ९ गते आयोजित अन्तर्राष्ट्रिय सम्मेलन InsurInnovator Connect Asia, 2025 लाई प्रमुख वक्ताका रूपमा सम्बोधन गर्नुहुँदै कार्यकारी निर्देशक सुवेदीले नेपालमा आन्दोलनका क्रममा भएको क्षतिको बीमा दाबी उच्च रहेकाले दाबी भुक्तानीमा पुनर्बीमा निकायहरूको सहयोग अत्यावश्यक भएको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले भन्नुभयो, "नेपालमा उत्पन्न दाबीभारलाई सहज बनाउन पुनर्बीमा निकायहरूले द्रुत र पारदर्शी किसिमले दाबी भुक्तानी गर्नु आवश्यक छ, यसो भएमा मात्र नेपाल जस्तो मुलुकमा बीमाप्रति विश्वास र बीमा उद्योगको दीगो विकास सुनिश्चित गर्न सकिन्छ ।" त्यस अवसरमा कार्यकारी निर्देशक सुवेदीले गर्नुभएको आग्रहप्रति कार्यक्रममा सहभागी अन्तर्राष्ट्रिय नियामक, पुनर्बीमक र बीमा नेतृत्वकर्ताले सकारात्मक प्रतिक्रिया जनाउनुभएको थियो ।

सम्मेलनका क्रममा भएको 'एसियाली नियामक परिदृश्यको विकास, Insurance Leadership Panel : Navigating Asia's Regulatory Landscape for Growth' विषयक प्यानल छलफलमा कार्यकारी निर्देशक सुवेदीले नेपालको बीमा क्षेत्रको समग्र अवस्थाका बारेमा प्रस्तुती गर्नुहुँदै IFRS 17 / Risk-Based Capital Framework लागू गर्ने क्रममा साना बीमा कम्पनीहरूले भोग्नुपरेका कठिनाई, डिजिटल बीमा विस्तारसँगै डेटा गोपनीयता र साइबर सुरक्षामा देखिएका चुनौती तथा प्राकृतिक विपत्तिले सिर्जना गर्ने ठूला बीमा दाबीभारबारे चर्चा गर्नुभयो ।

AI मा आधारित अन्डरराइटिङ्ग र दाबी प्रशोधनले ल्याउने अवसर र जोखिम दुवैलाई हेर्नुपर्ने उल्लेख गर्नुहुँदै कार्यकारी निर्देशक सुवेदीले नेपालमा डिजिटल इन्स्योरेन्स गाइडलाइन, २०२४ मार्फत सुरक्षित परीक्षण वातावरण निर्माण भइरहेको र बीमा कम्पनीहरूसँगको संवाद र परामर्शबाट व्यावहारिक रूपमा नीति निर्माणमा मद्दत पुगेको नेपाल बीमा प्राधिकरणको अनुभव रहेको जानकारी दिनुभयो ।

बीमा पहुँच, शिक्षा र किफायतीपनका बारेमा चर्चा गर्नुहुँदै कार्यकारी निर्देशक सुवेदीले नेपालमा स्थानीय सरकार, सहकारी तथा डिजिटल पेमेन्ट प्रदायकसँगको सहकार्यले ग्रामीण क्षेत्रमा बीमा विस्तारलाई सहज बनाएको अनुभव रहेकोले साझेदारी रणनीतिबाट समावेशी बीमा प्रणाली निर्माण सम्भव हुने विचार व्यक्त गर्नुभयो ।

दुई दिनसम्म भएको अन्तर्राष्ट्रिय सम्मेलन InsurInnovator Connect Asia, 2025 मा एसियाका विभिन्न देशका नियामक निकायका उच्च पदाधिकारी, बीमा संघका पदाधिकारी, बीमा कम्पनीका प्रमुख कार्यकारी र अन्तर्राष्ट्रिय बीमा विज्ञहरूको सहभागिता रहेको थियो ।

सम्मेलनमा एसियाली बीमा उद्योगमा नवीनतम प्रविधि, नियामकीय चुनौती, बीमित हित संरक्षण र दाबी व्यवस्थापन लगायत बीमा सम्बन्धी समसामयिक विषयहरूमा समेत विस्तृत छलफल भएको थियो ।

# नेपाल बीमा प्राधिकरण र नबिल बैंकबीच ए.पी.आई. इन्टिग्रेशन सम्बन्धी सम्झौता

## बीमा नियमन तथा निरीक्षण कार्यलाई थप दक्ष र पारदर्शी बनाउन सम्झौताबाट सहयोग पुग्नेछ : कार्यकारी निर्देशक सुवेदी



नेपाल बीमा प्राधिकरण र नबिल बैंकबीच ए.पी.आई. इन्टिग्रेशन सम्बन्धी सम्झौता हुँदै ।

नेपाल बीमा प्राधिकरण र नबिल बैंक लिमिटेडबीच एयरमार्क प्रणालीलाई स्वचालित (Automation) बनाउनका लागि यही २०८२ साल कात्तिक २५ गते ए.पी.आई. इन्टिग्रेशन (API Integration) सम्बन्धी सम्झौता भएको छ ।

सम्झौतापत्रमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी र नबिल बैंकका प्रमुख बजार अधिकृत निरज शर्माले हस्ताक्षर गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक सुवेदीले सो सम्झौताबाट बीमा क्षेत्रको एयरमार्क प्रणालीलाई पूर्ण रूपमा अटोमेसनमा रूपान्तरण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले बीमकहरूका लगानी सम्बन्धी प्रक्रियालाई छिटो, छरितो र त्रुटिरहित बनाई बीमा नियमन तथा निरीक्षण कार्यलाई थप दक्ष र पारदर्शी बनाउन समेत यसबाट सहयोग पुग्ने बताउनुभयो ।

ए.पी.आई. इन्टिग्रेशन अन्तर्गत बीमकहरूले मुद्दती निक्षेपमा गर्ने लगानीको एयरमार्क व्यवस्थापनलाई प्रविधि मार्फत सहज, सुरक्षित र विश्वसनीय बनाइनेछ ।

यस प्रणालीले प्राधिकरणबाट बैंकमा पठाइने ब्लक तथा अनब्लक रिक्वेस्टहरूलाई स्वतः प्रमाणीकरण गरी सही विवरण भएको रिक्वेस्ट मात्र स्वीकृत गर्नेछ भने त्रुटिपूर्ण विवरण भएमा प्रणालीले त्यसलाई एयरमार्क प्लेटफर्म मार्फत बीमकलाई स्वचालित रूपमा फिर्ता पठाउनेछ ।

यस इन्टिग्रेशनका लागि नबिल बैंकको तर्फबाट विशेष मिडिलवेयर (Middleware) विकास गरिएको छ, जसले बीमकहरूबाट प्राधिकरण हुँदै प्राप्त मुद्दती निक्षेप सम्बन्धी विवरणलाई बैंकको कोर बैंकिङ प्रणालीमा प्रत्यक्ष पहुँच प्रदान गर्दछ ।

यस प्रणालीले सही विवरण मात्र स्वीकार गर्ने र त्रुटिपूर्ण विवरणलाई अस्वीकार गर्ने प्रक्रिया स्वचालित रूपमा कार्यान्वयन गर्नेछ ।

यस सम्झौता नेपाल बीमा प्राधिकरणको डिजिटल ट्रान्सफर्मेशन र प्रविधिमैत्री नियमनको दिशामा अर्को महत्वपूर्ण कदम भएको र यसबाट बीमा क्षेत्रको दक्षता, पारदर्शिता र समय-उपयुक्त सेवा प्रवाहमा उल्लेखनीय योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिना र उप-निर्देशक राजेन्द्र महर्जन तथा नबिल बैंकका होलसेल लायबिलिटी प्रमुख लक्ष्मी लामिछाने ढकाल लगायतको उपस्थिति रहेको थियो ।

# प्राधिकरणद्वारा बीमाङ्की तथा बीमाङ्की विश्लेषकहरूसँग अन्तरक्रिया



बीमाङ्की तथा बीमाङ्की विश्लेषकहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण र एक्चुरियल सोसाइटी अफ नेपालको संयुक्त आयोजनामा यही २०८२ साल असोज २६ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा बीमाङ्की तथा बीमाङ्की विश्लेषकहरूसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रको विकास एवम् प्रवर्द्धन तथा बीमा क्षेत्रलाई दिर्घकालिन रूपमा स्थापित गर्नका लागि बीमाङ्कीय ज्ञान तथा बीमाङ्कीय जनशक्तिको भूमिका महत्वपूर्ण रहने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुंगेल अधिकारीले बीमाङ्की विश्लेषक तथा सुपरीवेक्षकहरूसँग गरिएको सर्भेक्षणको नतिजा प्रस्तुत गर्नुहुँदै समग्र बीमा क्षेत्रमा बीमाङ्की विश्लेषकहरूको सहभागिता बढ्दै गएको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मला मल्लले जोखिममा आधारित पूँजीको कार्यान्वयन, जोखिममा आधारित पूँजीमा आर्थिक वर्ष २०८१/८२ मा अद्यावधिक भएका व्यवस्था र प्रतिवेदन पेश गर्दा बीमकहरूले ध्यान दिनुपर्ने विषयमा प्रस्तुती गर्नुभयो ।

एक्चुरियल सोसाइटी अफ नेपालका अध्यक्ष प्रेक्षा माथेमाले बीमाङ्की तथा बीमाङ्की विश्लेषकहरूको ज्ञान, सीप र क्षमता विकासमा सहयोग गर्न सोसाइटी तयार रहेको बताउनुभयो ।

कार्यक्रममा बीमाङ्की विश्लेषकहरूले आ-आफ्ना कार्य अनुभव, बीमा कम्पनीहिरूमा कार्य गर्दा भोगेका चुनौति, क्षमता अभिवृद्धिमा नेपाल बीमा प्राधिकरणले निर्वाह गरेको भूमिका र नियामकीय सहयोग लगायतका विषयमा धारणा राख्नुभएको थियो ।

कार्यक्रममा एक्चुरियल सोसाइटी अफ नेपालका पदाधिकारी तथा सदस्यहरू र बीमा विश्लेषकहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक सुधा काफ्लेले गर्नुभएको थियो ।

# कृषि, पशुपन्छी तथा जडिबूटी बीमा सम्बन्धी अन्तरक्रिया



कृषि, पशुपन्छी तथा जडिबूटी बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८२ साल असोज २९ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा बीमकका प्रतिनिधिहरूसँग कृषि, पशुपन्छी तथा जडिबूटी बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कृषि, पशुपन्छी तथा जडिबूटी बीमा निर्देशिका, २०७९ लाई सामयसापेक्ष परिमार्जन गर्ने सम्बन्धमा र प्राधिकरणले पहिलो पटक व्यवस्था गर्न लागेको क्षति मूल्याङ्कनकर्ता सम्बन्धी निर्देशिकाको मस्यौदाका सम्बन्धमा बीमकका राय सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्राधिकरणबाट प्रस्तुत कृषि, पशुपन्छी तथा जडिबूटी बीमा निर्देशिका, २०७९ को संशोधन मस्यौदा र क्षति मूल्याङ्कनकर्ता सम्बन्धी निर्देशिकाको मस्यौदामाथि विस्तृत छलफल भएको थियो ।

यसैगरी, नेपाल सरकारबाट प्रदान हुने अनुदानका लागि सिफारिश सम्बन्धी व्यवस्था र कृषि बीमा रियल टाइम सफ्टवेयर (एएलआईएस) को संचालनको विद्यमान अवस्था, आइपरेका समस्या र समाधानका लागि चाल्नुपर्ने कदमका सम्बन्धमा बीमकका प्रतिनिधिहरूबाट सुझावहरू लिइएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले प्राधिकरणले कृषि, पशुपन्छी तथा जडिबूटी बीमा निर्देशिका, २०७९ लाई सामयसापेक्ष परिमार्जन गर्न लागेकाले त्यसका लागि वास्तविक रायसुझावहरू दिन आग्रह गर्नुभयो ।

कार्यकारी निर्देशक सुवेदीले प्राधिकरणले पहिलो पटक क्षति मूल्याङ्कनकर्ता सम्बन्धी निर्देशिका ल्याउन लागेको जानकारी दिनुहुँदै त्यसका लागि समेत ठोस रायसुझावहरू दिन आग्रह गर्नुभयो । साथै, उहाँले बीमकहरूबाट प्राप्त रायसुझावहरूलाई समेत समेटेर निर्देशिकाका मस्यौदाहरूलाई अन्तिम रूप दिने जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशकहरू तथा प्राधिकरणको कृषि बीमा शाखाका कर्मचारीहरू र निर्जीवन बीमा कम्पनीहरूका कृषि विभागका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० (दोस्रो संशोधन)

नेपाल बीमा प्राधिकरणले बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० (दोस्रो संशोधन) जारी गरेको छ । प्राधिकरणले यही २०८२ साल असोज १२ गतेदेखि प्रारम्भ हुने गरी संशोधित निर्देशिका जारी गरेको हो ।

संशोधित निर्देशिकामा बीमकले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम प्राकृतिक प्रकोप, नागरिक आन्दोलन, जनप्रदर्शन वा अन्य कारणले भएको क्षतिको पुनर्निमार्ण, आर्थिक पुनरूत्थान र राहत लगायत कार्यका लागि नेपाल सरकारले स्थापना गरेको कोषमा दाखिला हुने गरी खर्च गर्न सक्ने व्यवस्था थप गरिएको छ ।

निर्देशिकामा बीमकले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा क्रियाशील हुन प्रत्येक आर्थिक वर्षको खुद मुनाफाको एक प्रतिशत रकम छुट्याई 'संस्थागत सामाजिक उत्तरदायित्व कोष' खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

बीमकले कोषमा जम्मा भएको रकम शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, सामाजिक रूपमा पिछडिएका वर्गको आयआर्जन क्षमता अभिवृद्धि, बीमा साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम तथा सिमान्तकृत वर्गको बीमा बीमा सम्बन्धी कार्यक्रम लगायत सामाजिक परियोजनामा खर्च गर्न सक्ने व्यवस्था रहेको छ ।

यसैगरी, कोषको रकमबाट अति विपन्न तथा सीमान्तकृत वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा बीमा गर्नका लागि, अति विपन्न वर्गमा प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिको बीमा रक्षावरण गर्नका लागि र बीमा कम्पनीमा कार्यरत कर्मचारीहरूका बालबालिकाका लागि 'चाइल्ड केयर सेन्टर' व्यवस्था गर्नका लागि खर्च सकिने व्यवस्था समेत निर्देशिकामा रहेको छ ।


## अभिकर्ता परीक्षा संचालन

नेपाल बीमा प्राधिकरणका केन्द्रीय र प्रदेश कार्यालयहरूबाट असोज र कात्तिक महिनामा जम्मा ७५ वटा अभिकर्ता परीक्षा संचालन भएको छ ।

जसअनुसार, असोज र कात्तिक महिनामा केन्द्रीय कार्यालयबाट ४३ वटा, गण्डकी प्रदेश कार्यालयबाट १२ वटा, कोशी प्रदेश कार्यालयबाट ६ वटा, लुम्बिनी प्रदेश कार्यालयबाट ५ वटा, मधेश प्रदेश कार्यालयबा ३ वटा र सुदुरपश्चिम प्रदेश कार्यालयबाट ६ वटा अभिकर्ता परीक्षा संचालन भएको छ ।


अभिकर्ता परीक्षामा कूल सहभागी परीक्षार्थीमध्ये करिव ९२ प्रतिशत उत्तीर्ण भएका छन् । अभिकर्ता परीक्षामा कूल ७ हजार १७९ परीक्षार्थी सहभागी भएकोमा ६ हजार ५९६ जना उत्तीर्ण भएका छन् ।

## आ.व. २०८२/८३ को प्रथम त्रैमासिकसम्मको विवरणको आधारमा





## जीवन बीमाको पहुँच (४९.०५%)


*आ.व. २०८२/८३ प्रथम त्रैमासिकसम्मको*




## मिति २०८२ भाद्र २३ र २४ को जेन-जी आन्दोलनको कारण भएको क्षतिमा बीमा दाबीको अवस्था





रकम रु. करोडमा





पुनर्बीमामा परेको दाबी र भुक्तानी अवस्था (रकम रु. करोडमा)




### प्रदेश अनुसार बीमा दाबी र भुक्तनी रकम (रु. करोडमा)





### बीमालेख अनुसार बीमा दाबी र भुक्तनी रकम (रु. करोडमा)





**नोट:** प्राधिकरणमा २०८२ मंसिर ३ गतेसम्म बीमकबाट प्राप्त बीमा दाबी विवरणको आधारमा।

## मिति २०८२ साल असोज १८ गते देखि अविरल बर्षा तथा बाढी पहिरोको कारणले भएको क्षतिबाट बीमा दाबी अवस्था




(रकम रु. लाखमा)





### बाढी पहिरोबाट प्रभावित प्रमुख ५ जिल्लाहरुको बीमा दाबी भुक्तानीको विवरण

(रकम रु. लाखमा)




| क्र.सं | जिल्ला | दाबी संख्या | भुक्तानी संख्या | दाबी रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | इलाम | ६४ | १ | १९,४६४.७६ | ३०.६९ |
| २ | सुनसरी | १९९ | २ | ३,६७६.०६ | ०.१८ |
| ३ | काठमाडौँ | ८४ | ३ | ३,५६८.३२ | १६.२९ |
| ४ | झापा | २१ | | २,१७०.३८ | – |
| ५ | रौतहट | २८ | २ | १,१२२.०५ | ०.३९ |

### प्रदेश अनुसार बीमा दाबी र भुक्तनी रकम (रु. लाखमा)




### बीमालेख अनुसार बीमा दाबी र भुक्तनी रकम (रु. लाखमा)




**नोट:** प्राधिकरणमा २०८२ मंसिर ३ गतेसम्म बीमकबाट प्राप्त बीमा दावी विवरणको आधारमा।

**तथ्याङ्क विश्लेषक:** बसन्त प्रसाद बोहरा
(तथ्याङ्कशास्त्री)

नेपाल बीमा प्राधिकरणका प्रदेश कार्यालयका गतिविधि

# कोशी प्रदेश कार्यालय

## कोशी प्रदेश सरकारसँग अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल कात्तिक १७ गते कोशी प्रदेश सरकारसँग मोटर तथा अन्य बीमा सम्बन्धी विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री रेवतीरमण भण्डारीले प्रदेशमा तेस्रो पक्ष बीमाविना ब्लूबूक नवीकरण नहुने व्यवस्था कार्यान्वयनमा आइसकेको उल्लेख गर्नुहुँदै इ-रिक्साका लागि पनि अनुमतिपत्रको प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवको अध्यक्षतामा भएको कार्यक्रममा नक्कली बीमा नियन्त्रण, दाबी प्रक्रियाको पारदर्शिता र जोखिम व्यवस्थापनमा बीमाको प्रभावकारी उपयोग लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमाको दायरा विस्तार, छिटाछरितो दाबी भुक्तानी र बीमालेखमा नेपाली मिति समावेशको आवश्यकता लगायतका सुझावहरू दिनुभएको थियो ।

कार्यक्रममा प्रदेश सरकारका पदाधिकारी, यातायात व्यवसायी, बीमा कम्पनीका प्रतिनिधि र सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

## विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल कात्तिक २८ गते विराटगरमा इटहरी इन्टरनेशनल कलेजका विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा बजार, बीमा क्षेत्रमा करियरको अवसर, नियमन प्रणाली र बीमाले गर्ने वित्तीय संरक्षण लगायतका विषयमा विद्यार्थीहरूलाई जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा इटहरी इन्टरनेशनल कलेजका उप-प्राध्यापक निशान गौतमले बीमा सम्बन्धी ज्ञान विद्यार्थीहरूका लागि अन्त्यन्त उपयोगी रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले मुलुकमा बीमा क्षेत्र तीब्र गतिमा विस्तार हुँदै गएको र दक्ष जनशक्तिको आवश्यकता समेत बढ्दै गएकाले बीमा क्षेत्रमा करियरको राम्रो सम्भावना रहेको बताउनुभयो ।

कार्यक्रममा इटहरी इन्टरनेशनल कलेजका शिक्षक र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# जीवन बीमा अभिकर्ताहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल असोज २६ गते विराटनगरमा जीवन बीमा अभिकर्ताहरूसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा सचेतना अभिवृद्धि गर्ने र जीवन बीमा अभिकर्ताहरूलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा जानकारी गराउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा बीमा सम्बन्धी कानूनी तथा प्राविधिक विषयका साथै नैतिक पक्षका बारेमा विस्तृत छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सम्पत्ति शुद्धीकरण निवारण शाखाका प्रमुख पदम प्रसाद सोडारीले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी विषयमा प्रस्तुती गर्नुभएको थियो । नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र प्रभावकारी सेवा प्रवाहमा सम्बद्ध सबैको सहकार्य अपरिहार्य रहेको बताउनुभयो ।

कार्यक्रममा कोशी प्रदेशका विभिन्न जिल्लामा कार्यरत जीवन बीमा अभिकर्ताहरूको सहभागिता रहेको थियो ।

# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल असोज २२ गते विराटनगरमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूका लागि AML/CFT सम्बन्धी कानूनी व्यवस्था, प्राविधिक पक्ष र व्यवहारिक विषयमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सम्पत्ति शुद्धीकरण निवारण शाखाका प्रमुख पदम प्रसाद सोडारीले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रस्तुती गर्नुहुँदै बीमा कम्पनीहरूले KYC विवरण अद्यावधिक गर्नुपर्ने, ठूलो रकमको दावीमा Enhanced Due Diligence अनिवार्य गर्नुपर्ने र goAML प्रणाली मार्फत STR र TTR रिपोर्ट समयमैं पठाउनुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमा क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणका लागि बीमकहरू सजग रहनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले नेपाल बीमा प्राधिकरणले जारी गरेको AML/CFT निर्देशिका, २०८२ प्रभावकारीरूपले कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा कोशी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# कृषि बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल असोज २८ गते धनकुटामा कृषि ज्ञान केन्द्रसँग कृषि बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कृषि बीमा सम्बन्धी अभिमुखीकरणका साथै कृषि बीमामा देखिएका चुनौती, अवसर र सुधारका उपायहरूका बारेमा छलफल गरी सुझावहरू सङ्कलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले सरकारबाट कृषि बीमाको बीमाशुल्कमा प्रदान गरिने अनुदान, कृषि बीमा गर्ने तरिका, कृषि बीमा अभिकर्ता तथा कृषि प्राविधिकहरूको दायित्व र क्षति भएको बखतमा गरिने बीमा दाबीको प्रक्रियाका बारेमा जानकारी दिनुभएको थियो ।

त्यस अवसरमा कृषि बीमा गर्न प्रयोगमा ल्याइएको सफ्टवेयर ALIS (Agriculture & Livestock Insurance Software) को बारेमा समेत जानकारी दिइएको थियो ।

कार्यक्रममा धनकुटास्थित कृषि ज्ञान केन्द्रका प्रमुख नगेन्द्र बहादुर राना, भेटरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा. हिमा गौतम, स्थानीय तहका कृषि तथा पशु प्राविधिकहरू र निर्जीवन बीमकका प्राविधिकहरू लगायतको सहभागिता रहेको थियो ।

# मधेश प्रदेश कार्यालय

## स्थानीय सरकारसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजना यही २०८२ साल कात्तिक २७ गते सर्लाहीको चन्द्रनगर गाउँपालिका र कात्तिक २८ गते महोत्तरीको महोत्तरी गाउँपालिकासँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

चन्द्रनगर गाउँपालिकासँग कात्तिक २७ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राज कुमार महतोले बीमा साक्षरता अभिवृद्धि र बीमाको पहुँच विस्तारमा यस्ता अन्तरक्रिया कार्यक्रमबाट महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

महोत्तरी गाउँपालिकासँग कात्तिक २८ गते भएको कार्यक्रममा प्रमुख अतिथि महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलिप कुमार पाण्डेयले गाउँ वस्तीसम्म पुगेर बीमा सम्बन्धी जानकारी दिनका लागि बीमा कम्पनीहरूलाई निर्देशन दिन नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले बीमा सचेतना अभिवृद्धिका लागि प्राधिकरणले बीमा सचेतना कार्यक्रमहरू निरन्तर गर्दै जाने जानकारी दिनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले लघुबीमालाई गाउँमुखी बनाउनुपर्ने, बीमा दाबी छिट्टै पाउनुपर्ने, बीमा तथा स्वास्थ्य बीमाबीच देखिएको अन्यौल हटाउनुपर्ने र कृषि बीमा सम्बन्धी जानकारी गाउँगाउँमा फैलाउनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, बीमा, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, महिला समूहका प्रतिनिधि, कृषक, व्यवसायी, बीमा अभिकर्ता र बीमितहरू लगायतको सहभागिता रहेको थियो ।

## महिला समूहसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजना यही २०८२ साल कात्तिक १७ गते वीरगञ्जमा महिला समूहसँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

महिलाहरूबाट परिवार र समुदायमा बीमा सचेतना फैलाउन महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षाका साथ कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले बीमा क्षेत्रको समग्र अवस्था, मधेश प्रदेशमा बीमा सम्बन्धी चुनौती र बीमाको पहुँच अभिवृद्धिमा महिलाहरूको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

पोखरीया नगरपालिकाका पूर्वउपप्रमुख सल्मा खातुनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहभागीहरूले बीमा शिक्षाको अवस्था, बीमा गर्दा ध्यान दिनुपर्ने विषय, बीमाका फाइदा, दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रममा विभिन्न महिला समूहका प्रतिनिधि, व्यवसायिक महिला, शिक्षिका र विभिन्न क्षेत्रका महिलाहरूको सहभागिता रहेको थियो ।

## शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजना यही २०८२ साल कात्तिक २० गते धनुषा जिल्लाको बसहियास्थित गोगल प्रसाद नमूना माध्यमिक विद्यालयमा बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गोगल प्रसाद नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक महाविर दासले बीमाको महत्व, बीमा गर्ने विधि र दाबी भुक्तानी प्रक्रिया लगायत बीमा सम्बन्धी समग्र विषयमा जानकारी प्राप्त गर्न कार्यक्रम महत्वपूर्ण रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले शिक्षक/शिक्षिका र विद्यार्थीहरूलाई बीमाका बारेमा सही जानकारी भएमा बीमा क्षेत्रमा रहेका अन्यौल हट्ने र बीमाको पहुँच बढाउन योगदान पुग्ने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका शिक्षक/शिक्षिका, कर्मचारी र कक्षा ११ तथा १२ का विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

यसैगरी, नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजना यही २०८२ साल कात्तिक २४ गते पर्सा जिल्लाको वीरगञ्जस्थित हरि खेतान बहुमुखी क्याम्पसमा बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि हरि खेतान बहुमुखी क्याम्पसका प्रधानाध्यापक रविन्द्र यादवले बीमा सम्बन्धी समग्र विषयमा जानकारी प्राप्त गर्न कार्यक्रम उपयोगी रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले विद्यार्थीहरूलाई बीमाका बारेमा सही जानकारी भएमा समाजमा बीमा सचेतना फैलाउन सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका शिक्षक/शिक्षिका र कक्षा १२ का विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# गण्डकी प्रदेश कार्यालय

## बीमा सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजना यही २०८२ साल कात्तिक २ गते पोखरामा कास्की जिल्लास्थित बीमा सम्बन्धी सरोकारवालाहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमकका गतिविधिको समीक्षा गर्दै सुधारका क्षेत्र पहिचान गर्ने, बीमा अभिकर्ता र बीमा सर्भेयरहरूको समस्या पहिचान गर्ने र बीमाको पहुँच अभिवृद्धि, संस्थागत सामाजिक उत्तरदायित्व तथा अभिकर्ता व्यवस्थापनका सम्बन्धमा समन्वयको खाका तयार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा ऐन, नियम र निर्देशिका बमोजिम कार्य गर्न सरोकारवालाहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमकका प्रादेशिक कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक स्रोत, जनशक्ति र प्राविधिक पूर्वाधार सुनिश्चित गर्नुपर्ने, अभिकर्ता पेशालाई उत्तरदायी बनाउन आवश्यक कदम चाल्नुपर्ने, बीमकहरूबाट सङ्कलित प्रिमियमको अनुपातमा प्रादेशिकस्तरमा सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्दा स्थानीय आवश्यकलाई प्राथमिकता दिनुपर्ने र प्रदेशस्तरमा बीमाको पहुँच विस्तारलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटीका अध्यक्ष बद्रिनाथ पौडेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल सर्भेयर एसोसिएसन, कास्की च्याप्टरका संयोजक बुद्धिराज अधिकारी र पेशागत बीमा अभिकर्ता संघका केन्द्रीय अध्यक्ष केदार प्रसाद अधिकारी लगायत गण्डकी प्रदेशस्थित जीवन, निर्जीवन तथा लघु बीमा कम्पनीका प्रदेश कार्यालय प्रमुख, बीमा सर्भेयर र बीमा अभिकर्ताहरूको सहभागिता रहेको थियो ।

## सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजना यही २०८२ साल कात्तिक १९ गते पोखरामा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि गर्नुपर्ने कार्य, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विद्यमान कानूनी व्यवस्था, संस्थागत तथा संरचनागत विषय, प्राधिकरणबाट जारी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन, २०८२, FIU, STR, KYC, EDD र सीमा कारोवार लगायतका विषयमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणको सम्पत्ति शुद्धीकरण निवारण शाखाका प्रमुख पदम प्रसाद सोडारीले सम्पत्ति शुद्धीकरण निवारणका लागि विद्यमान कानूनी व्यवस्था र गर्नुपर्ने कार्य लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रको सभापतित्वमा भएको कार्यक्रममा गण्डकी प्रदेशको आर्थिक मामिला मन्त्रालयका अधिकृत, नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटी, पोखरा च्याप्टरका पदाधिकारी र बीमा कम्पनीका शाखा तथा उपशाखा कार्यालयका कर्मचारीहरू लगायतको सहभागिता रहेको थियो ।

# जीवन बीमा अभिकर्ताहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल कात्तिक २१ गते पोखरामा जीवन बीमा अभिकर्ताहरूसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जीवन बीमा अभिकर्ताहरूलाई स्वस्थ प्रतिस्पर्धाका आधारमा बीमा व्यवसाय संचालन गर्न प्रेरित गर्ने र बीमालेख बिक्रीलाई पारदर्शी एवम् अनुशासित बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रले बीमा बजारको विद्यमान अवस्था, बीमा अभिकर्ताको आचारसंहिता तथा दण्ड सजायँ सम्बन्धी व्यवस्था र बीमा क्षेत्रको विकास तथा विस्तारका लागि बीमा अभिकर्ताको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले शैक्षिक योग्यताका आधारमा बीमा अभिकर्ताको बर्गीकरण हुनुपर्ने, निम्न माध्यमिक तथा माध्यमिक तहको पाठ्यक्रममा बीमा सम्बन्धी विषय समावेश गरी पठन-पाठनको व्यवस्था गर्न पहल गर्नुपर्ने, जीवन बीमालाई प्रोत्साहित गर्न नीति ल्याउनुपर्ने, बीमकले बीमा अभिकर्तालाई प्राविधिक ज्ञान सहित बिक्रीकला र ग्राहकलाई सेवा प्रवाह गर्दा ध्यान दिनुपर्ने विषयमा तालिम दिनुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल पेशागत अभिकर्ता संघका पदाधिकारीहरू सहित जीवन बीमा अभिकर्ताहरूको सहभागिता रहेको थियो ।

# लुम्बिनी प्रदेश कार्यालय

## स्थानीय तहसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल असोज २८ गते पाल्पा जिल्लाका पूर्वखोला गाउँपालिका र असोज २९ गते रम्भा गाउँपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिने र स्थानीयस्तरमा रहेका बीमा सम्बन्धी गुनासा र सुझावहरू सङ्कलन गर्ने उद्देश्यले कार्यक्रमहरू आयोजना गरिएको हो ।

पूर्वखोला गाउँपालिकासँग असोज २८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापाले बीमा दाबी भुक्तानीलाई सहज बनाउन प्राधिकरणले आवश्यक कदम चाल्नुपर्ने बताउनुभयो ।

रम्भा गाउँपालिकासँग असोज २९ गते भएको कार्यक्रममा प्रमुख अतिथि रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारीले गाउँपालिकाले जनप्रतिनिधि र कर्मचारीहरूको स्वास्थ्य बीमा गर्नुका साथै सबै सरकारी विद्यालयका शिक्षक र विद्यार्थीहरूको सामूहिक दुर्घटना बीमा गरेको जानकारी दिनुभयो ।




र कृषि प्राविधिकसँग ट्याग नहुने गरेको लगायतका धारणा राख्नुभएको थियो । साथै, कृषि बीमा नगर्ने कम्पनीहरूलाई प्राधिकरणले कारवाही गर्नुपर्ने, कृषि बीमा सम्बन्धी अनलाइन प्रणालीलाई कृषकले प्रयोग गर्न सक्ने गरी परिमार्जन गर्नुपर्ने, कृषि प्राविधिकको सङ्ख्या बढाउनुपर्ने र दाबी भुक्तानी प्रक्रियालाई सरल एवम् शीघ्र बनाउनुपर्ने लगायतका सुझावहरू सहभागीहरूले दिनुभएको थियो ।

उहाँले आगामी दिनमा पालिकाभित्रका सबै घरधुरीको घरबीमा गर्ने र बीमा प्रयोजनका लागि रकम विनियोजन गर्ने समेत प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरूले कृषि बीमा गर्न नमान्ने गरेको, कृषि बीमा सम्बन्धी अनलाइन प्रणाली कृषकले प्रयोग गर्न नसक्ने प्रकृतिको रहेको, बीमा दाबी भुक्तानी पाउन झन्झट व्यहोर्नु परेको, अनलाइन प्रणाली मार्फत स्थानीय प्रजातिका बङ्गुरको बीमा गर्दा बीमाशुल्क प्रचलित दरभन्दा बढी तिर्नु परेको

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख जमुना अर्याल आचार्यले पालिकाका भौतिक सम्पत्ति र न्यून आए भएका तथा विपन्न नागरिकहरूको भौतिक सम्पत्तिको बीमा गरी वित्तीय जोखिम रक्षावरण गर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो । कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, बीमकका प्रतिनिधि र शिक्षकहरू लगायतको उपस्थिति रहेको थियो ।

# कर्णाली प्रदेश कार्यालय

## स्थानीय तहसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल असोज २९ गते दैलेख जिल्लाको भगवतीमाई गाउँपालिका र कात्तिक ३० गते रुकुम पश्चिम जिल्लाको मुसिकोट नगरपालिकासँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



भगवतीमाई गाउँपालिकासँग असोज २९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि भगवतीमाई गाउँपालिकाका अध्यक्ष गणेश बहादुर थापाले गाउँपालिकाकाले आगामी दिनमा बीमा सम्बन्धी योजना अगाडि बढाउने जानकारी दिनुभयो ।

मुसिकोट नगरपालिकासँग कात्तिक ३० भएको कार्यक्रममा प्रमुख अतिथि मुसिकोट नगरपालिकाका प्रमुख महेन्द्र के.सी. ले विपत्ति कतिखेर आउँछ

निश्चित नहुने भएकाले सबैले समयमैं बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै बीमा दाबी भुक्तानीमा देखिएका समस्या समाधान गरिनुपर्ने बताउनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमा, स्वास्थ्य बीमा, घर बीमा, कृषि बीमा अनुदान, बीमा गर्ने तरिका र बीमा दाबी भुक्तानी प्रक्रियाका लगायतका विषयमा जिज्ञासाहरू राख्नुभएको थियो ।

साथै, उहाँहरूले बीमा कम्पनीहरू सदरमुकाम केन्द्रित भएको, कृषि तथा पशुपन्छी बीमा प्राविधिक रूपमा जटिल रहेको, बीमा कम्पनीहरूले कृषि बीमा गर्न तत्परता देखाउने नगरेको र दाबी भुक्तानी प्रक्रिया झन्झटिलो रहेको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निल प्रसाद लामिछानेले बीमा व्यवसायलाई मर्यादित र जिम्मेवार बनाउँदै बीमितको हित संरक्षण गर्न प्राधिकरण प्रतिवद्ध रहेको बताउनुभयो ।



कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक र शिक्षकहरू लगायतको सहभागिता रहेको थियो ।

## कृषि तथा पशुपन्छी बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल असोज ३० गते दैलेख जिल्लामा कार्यरत कृषि तथा पशुसेवा प्राविधिकहरूसँग कृषि तथा पशुपन्छी बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा दैलेखस्थित पशु अस्पताल तथा पशुसेवा कार्यालयका प्रमुख ऋषभ गुरागाईंले कृषि, पशुपन्छी तथा जडिबूटीमा आइपर्ने वित्तीय जोखिम न्यूनीकरणका लागि बीमा सर्वोत्तम साधन भएको बताउनुभयो ।

उहाँले कृषि बीमामा सरकारले प्रदान गर्दै आएको कृषि अनुदान रकम उपयोग गरी साना किसानको जीवनस्तर उकास्न सम्बन्धित सबै सरोकारवालाहरू लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निल प्रसाद लामिछानेले कृषकहरूलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न र कृषि उत्पादन वृद्धि गरी नागरिकको जीवनस्तर उकास्न कृषि बीमा अपरिहार्य रहेको बताउनुभयो ।

कार्यक्रममा दैलेख जिल्लाका स्थानीय तहका कृषि विकास अधिकृत, पशु अस्पताल तथा पशु सेवा कार्यालय र कृषि विकास कार्यालयका कर्मचारी, कृषि अर्थविज्ञ, प्राविधिक सहायक, पशु चिकित्सक, कृषि तथा पशुपन्छी बीमा अभिकर्ता, कृषि प्राविधिक तथा क्षति मूल्याङ्कनकर्ता, अगुवा कृषक र विभिन्न सङ्घ सस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# सुदूरपश्चिम प्रदेश कार्यालय

## बीमकका प्रदेश कार्यालयका प्रमुखहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल असोज १ गते धनगढीमा सुदूरपश्चिम प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदार नाथ भट्टले स्वस्थ प्रतिस्पर्धा मार्फत बीमा व्यवसाय गरी बीमितलाई गुणस्तरीय सेवा प्रवाह गर्न बीमकका प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा बीमकका प्रदेश कार्यालयका प्रमुखहरूले जीवन तथा निर्जीवन बीमामा देखिएको अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न, बीमितलाई गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न, बीमा दाबी भुक्तानीमा ढिलाइ हुन नदिन र स्वस्थ प्रतिस्पर्धा मार्फत बीमा व्यवसाय गर्न सम्बद्ध पक्षहरू जिम्मेवारीपूर्वक लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## बीमा मध्यस्थकर्ताहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजना यही २०८२ साल असोज ३० गते कैलालीमा बीमा मध्यस्थकर्ताहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका सहायक निर्देशक लायक राम चौधरीले बीमा मध्यस्थकर्ताहरूको भूमिका, बीमा मध्यस्थकर्ता सम्बन्धी कानूनी व्यवस्था र बीमा मध्यस्थकर्ताहरूको काम, कर्तव्य र अधिकार लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी मध्यस्थकर्ताहरूले भारतमा रोजगारीमा गएका नेपाली नागरिकको बीमा गर्न कागजी प्रक्रिया जटिल रहेको, बीमा अभिकर्ता इजाजतपत्रको नवीकरण शुल्क महङ्गो भएको, सरेण्डर भ्यालु कम भएको, बीमा अभिकर्ताले समयमा नै कमिशन नपाएको र बीमा अभिकर्तालाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नु आवश्यक भएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कैलाली जिल्ला र आसपासका जिल्लास्थित बीमकका शाखा तथा उपशाखामा आवद्ध बीमा अभिकर्ताहरूको सहभागिता रहेको थियो ।

# स्थानीय तहसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजना यही २०८२ साल कात्तिक २२ गते कैलालीको खिमाडीमा मोहन्याल गाउँपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि मोहन्याल गाउँपालिकाका अध्यक्ष देवीदत्त उपाध्यायले गाउँपालिकाले चालू आर्थिक वर्षभित्रै सबै घरधुरीलाई बीमाको दायरामा ल्याउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदार नाथ भट्टले बीमाको विकास तथा पहुँच विस्तारका लागि योजनावद्ध रूपमा अगाडि बढ्न गाउँपालिकासँग आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका सहायक निर्देशक नविन कठायतले बीमाको महत्व, बीमा गर्ने विधि, दावी भुक्तानी प्रक्रिया र बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा मोहन्याल गाउँपालिकाका जनप्रतिनिधि, योजना तथा विपद् व्यवस्थापन शाखा तथा कृषि शाखाका कर्मचारीहरू र अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल कात्तिक २१ गते कैलालीको खिमाडीस्थित भृकुटी माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि भृकुटी माध्यमिक विद्यालयका प्रधानाध्यापक चक्र बहादुर रास्कोटीले कार्यक्रममा प्राप्त गरेका बीमा सम्बन्धी जानकारी घरपरिवार तथा समाजमा प्रवाह गर्न शिक्षक तथा विद्यार्थीहरूसँग आग्रह गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदार नाथ भट्टले बीमा सम्बन्धी कुनै समस्या परेमा प्राधिकरणमा उजूरी गर्न सकिने र त्यसलाई प्राधिकरणले सम्बोधन गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका सहायक निर्देशक नविन कठायतले बीमाको महत्व, बीमा गर्ने विधि र दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा भृकुटीम माध्यमिक विद्यालयका शिक्षक/शिक्षिका, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।